नेपाल सरकार
भूमि समस्या समाधान आयोग
ताहाचल, काठमाडौं

☎ ०१- ५३१३९३२
५३१३९३५
५३१३९३५
टोल फ्री १६६००१३५४४४
Web: www.lirc.gov.np

प.सं. ..........
च.नं. ...........

नेपाल सरकार
भूमि समस्या समाधान आयोग
ताहाचल, काठमाडौं

मितिः २०८२।०७।२१

# सम्मानित सर्वोच्च अदालतको उत्प्रेषण आदेश अनुसार आयोगका जिल्ला समितिहरुलाई निर्देशन सम्बन्धमा

आज मिति २०८२ कात्तिक २१ गते शुक्रबारका दिन भूमि समस्या समाधान आयोगका अध्यक्ष हरिप्रसाद रिजालको अध्यक्षतामा बसेको बैठकबाट नेपाल सरकारले गरेको भूमि समस्या समाधान आयोग खारेजीको निर्णयउपर अदालतमा परेको रिट निवेदनमा सम्मानित सर्वोच्च अदालतबाट मिति २०८२ कात्तिक १३ गते "नेपालको संविधानको धारा ३७, ४० र ४७ मा सुनिश्चितता गरिएको मौलिक हक र धारा ५०(ज) (११) मा उल्लेखित राज्यका नीतिहरुको कार्यान्वयनका लागि भूमि सम्बन्धी ऐन, २०२१ को परिच्छेद १० मा व्यवस्था भएको कार्य गर्ने अधिकारी र कार्यविधि सम्बन्धमा सोही ऐनको दफा ५२क. को उपदफा (३) दफा ५२ख. को उपदफा (६) र दफा ५२ग. को उपदफा (८) बमोजिम गठन हुने आयोगले गर्ने काम कारबाही सरकारका अन्य निकायबाट समेत हुन सक्ने व्यवस्था भूमि सम्बन्धी ऐन समेतमा रहे भएको नदेखिएको समेतको परिप्रेक्ष्यमा यस अदालतबाट मिति २०८२।०७।११ मा जारी अल्पकालीन अन्तरिम आदेशलाई निरन्तरता दिइएको छ ।" भनी अल्पकालीन अन्तरिम आदेश जारी भएकोमा सोही बमोजिम जिल्ला समितिहरुलाई यथास्थितिमा रही कामकाज गर्न निर्देशन दिने निर्णय गरियो।

| | |
|---|---|
| ........................ | ........................ |
| (सनतकुमार कार्की) | (हरिप्रसाद रिजाल) |
| उपाध्यक्ष एवं प्रवक्ता | अध्यक्ष |